# निर्वाचन आयोगको
# सूचना

स्वीकृत मितिः २०७४।४।१७

स्थानीय तहको निर्वाचन अन्तर्गत चितवन जिल्ला भरतपुर महानगरपालिका वार्ड नं. १९ मा पुनः मतदान हुने भएकोले सो निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आचार संहिता, २०७२ र स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ मिति २०७४।४।१८ देखि देहाय बमोजिम व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

(ख) स्थानीय तह,

(ग) स्थानीय तहका कर्मचारी,

(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,

(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग तथा तत् निकायमा कार्यरत सुरक्षाकर्मी,

(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,

(ज) राजनीतिक दल तथा राजनीतिक दलको भातृ संगठन,

(झ) उम्मेदवार,

(ञ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(ट) निजी तथा गैरसरकारी संस्था,

(ठ) सार्वजनिक पद धारण गरेको व्यक्ति ।